शुभारम्भ...शिवम्सँग

SHIVAM CEMENT
ASALI OPC CEMENT
SINCE 2003

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

मितिः २०८२।०७।३० गते ।

च.नं. ६५।०८२।०८३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषयः लाभांश तथा शेयर दाखिला खारेज सम्बन्धि जानकारी गराइएको बारे ।**

महोदय,

उपरोक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेडको मिति २०८२/०७/३० गते आईतबार दिनको ३:३० बजे देखि ५:४५ बजे सम्म बसेको संचालक समितिको १४२ औं बैठकको निर्णय अनुसार आ व २०८१/०८२ को वार्षिक साधारण सभा बोलाउने र साधारण सभाबाट पारित भएपछि शेयरधनीहरुलाई वितरण गर्ने लाभांश समेतका तपसिल अनुसारका निर्णय भएकोले सोही अनुसार तांहाको जानकारीका लागी सादर अनुरोध गर्दछौं ।

तपसिल :

(१) आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा मिति २०८२।०८।२५ गते बिहिबार बिहान १०:३० बजे काठमाडौंमा बस्ने गरी बोलाउने ।

(२) कम्पनीको चुक्ता पूंजी रु ५,४५,६८,०८,५००।- को २.५० % (दुई दशमलव पाँच शून्य प्रतिशत) का दरले हुन आउने रु. १३,६४,२०,२१२।५०/- (तेह्र करोड चौसठ्ठी लाख बीस हजार दुई सय बाह्र रुपैंया र पचास पैसा बराबरको रु. १०० दरका १३,६४,२०२.१२५ (तेह्र लाख चौसठ्ठी हजार दुई सय दुई दशमलव एक दुई पाँच) थान बोनस शेयर र चुक्ता पूंजी को १० % का दरले हुन आउने रु. ५४,५६,८०,८५०/- ( चौवन्न करोड छपन्न लाख असी हजार आठ सय पचास रुपैंया मात्र (कर समेत) नगद लाभांश साधारण सभाबाट पारित भएपछि वितरण गर्ने ।

(३) कम्पनीको आ. व. २०८१/०८२ को वार्षिक साधारण सभा र लाभांश प्रयोजनका लागी मिति २०८२।०८।११ गते बिहिबार एक दिन कम्पनीको शेयर दाखिला खारेज कार्य बन्द रहने ।

साथै कम्पनी ऐन २०६३ बमोजिम साधारण सभाको लागी सम्बन्धित सरोकारवाला, शेयरवालाहरुलाई जानकारी गराउने प्रयोजनका लागी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिने व्यहोरा समेत सादर अनुरोध गर्दछौं ।

सहयोगको लागि धन्यवाद ।

भवदीय,

२०८२।७।३०

लेखनाथ अर्याल

(कम्पनी सचिव)

SHIVAM CEMENTS LIMITED NEPAL